# भूमे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ | संख्याः ११ | मितिः २०७४/१२/१८


भाग-१

भूमे गाउँपालिका

**आर्थिक कार्यविधि (पहिलो संशोधन) विधेयक, २०७४**

गाउँसभाबाट पारित मितिः २०७४।१०।१४

प्रमाणीकरण मितिः २०७४।१०।१५

भूमे गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बाञ्छनीय भएकाले, भूमे गाउँसभाले देहाय बमोजिमको विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो विधेयकको नाम "भूमे गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७४ को (पहिलो संशोधन) विधेयक, २०७४"रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **भूमे गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १४ को उपदफा (१) मा संशोधनः** मूल ऐनको दफा १४ को उपदफा (१) मा रहेको "सोही दिन वा त्यसको भोलिपल्ट" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका कार्यालयको हकमा एक हप्ता र वडा कार्यालयहरुको हकमा एक महिनाभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

**भूमे गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १४ को उपदफा (४) मा संशोधनः**

मूल ऐनको दफा १४ को उपदफा (४) मा रहेको "सोही दिन वा त्यसको भोलिपल्ट" भन्ने शब्दहरुको सट्टा "दफा १४ को उपदफा (१) मा तोकिएको समयावधिभित्र " भन्ने शब्दहरु राखिएका छन् ।

**आज्ञाले,**

**चन्द्रसिंह श्रेष्ठ**

**प्रमुख प्रशासकीय अधिकृत**